राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३१४ २०८२ असार २६ गते बिहिवार (10 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## मोर्चाभित्र विवाद, जनमत अलग बाटोमा

दैनिक समाचारदाता

काठमाडौँ २५ असार । रुपन्देही( ३ मा हुने उपनिर्वाचनलाई लिएर संघीय लोकतान्त्रिक मोर्चाभित्र मतभेद देखिएको छ । मोर्चामा सहभागी सातमध्ये जनमत पार्टी मात्रै साझा उम्मेदवार उठाउने प्रस्तावमा सहमत हुन नसकेपछि विवाद चुलिएको हो ।




जसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, तमलोपा, राष्ट्रिय मुक्ति पार्टी, लोसपा र जनता प्रगतिशील पार्टीले नागरिक उन्मुक्ति पार्टीबाट साझा उम्मेदवार उठाउने निर्णय गरेका छन् । तर उक्त निर्णय भएको बैठकमा जनमत पार्टी सहभागी थिएन । उसले छुट्टै उम्मेदवार उठाउने निर्णय गरिसकेको जनाएको छ ।

जसपा नेपालका महासचिव रामकुमार शर्माले मोर्चाभित्र सहमतिका आधारमा निर्णय भएको बताए । 'जनमत पार्टी अनुपस्थित रहे पनि बाँकी दलहरूको सर्वसम्मत निर्णयले साझा उम्मेदवार तय भएको हो,' शर्माले भने, 'जनमत पार्टीलाई निर्णयमा ल्याउने प्रयास भइरहेको छ ।'

यता, जनमत पार्टीका उपाध्यक्ष नरेन्द्र चौधरीले भने पार्टी मोर्चाबाट अलग नभएको दाबी गर्दै उपनिर्वाचनमा भने आफ्नो उम्मेदवार दिने स्पष्ट पारे । 'हामी मोर्चामै छौं, तर सबै निर्णय मान्नैपर्छ भन्ने छैन,' उनले भने । उनले मोर्चालाई चुनावी गठबन्धनको रुपमा रूपान्तरण गर्न खोजिएको आरोप लगाउँदै जनमत पार्टीले त्यसलाई अस्वीकार गरेको बताए । 'हामीलाई तेजोबध गर्न अनावश्यक दबाब दिइँदैछ, यस्तो घेराबन्दी हामी सहन सक्दैनौं,' चौधरीको चेतावनी छ ।

### २०७९ को नतिजा : को कति बलियो?

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा रुपन्देही(३ मा नागरिक उन्मुक्ति पार्टीका तुलसीप्रसाद थारुले ४,७५१ मत ल्याएर चौथो स्थान हासिल गरेका थिए। जनमत पार्टीका प्रमोदकुमार राउतले ३,३१७ मतसहित पाँचौं स्थानमा रहे।

समानुपातिकतर्फ पनि नागरिक उन्मुक्ति पार्टीले सो क्षेत्रमा सबैभन्दा बढी ६,०१० मत प्राप्त गर्‍यो। जनमत पार्टीले ३,७३२, जसपा नेपालले ५,२९१ र लोसपाले ५,०५३ मत ल्याएका थिए। त्यसअनुसार मोर्चामा सहभागी दलमध्ये प्रत्यक्ष र समानुपातिक दुबैमा नागरिक उन्मुक्ति पार्टी सबल देखिएको छ भने जनमत पार्टीको मत न्यून छ।

रुपन्देही(३ मा १,३२,७९१ मतदातामध्ये ९३,४४९ मत खसेको थियो। त्यसमध्ये ८८,२१२ मत सदर भएको थियो।

## आफ्नै ससुराको हत्या गर्ने ज्वाँई पक्राउ




दैनिक समाचारदाता

जनकपुरधाम, २५ असार । गत बुधबार जनकपुरधाममा ६५ वर्षिय बासुदेव प्रसाद साहलाई चक्कु प्रहार गरी हत्या गरेको आरोपमा उनकै ज्वाँई ५५ वर्षीय बेचन महासेठ पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाले बुधबार पत्रकार सम्मेलनमार्फत महासेठलाई सार्वजनिक गरेको हो । महासेठ मंगलबार (हिजो) धनुषाको जनकनन्दनी गाउँपलिका वडा नं. ४ स्थित खजुरी रेल्वे स्टेशनबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ । प्रारम्भिक अनुसन्धान अनुसार पारिवारिक रिसिवीका कारण ज्वाँई महासेठले आफ्ना ससुराको भुँडी (पेट) लगायत शरिरका अन्य भागहरुमा ४/५ पटक चक्कु प्रहार गरी फरार भएका थिए । घटनामा प्रयोग भएको चक्कुसमेत धनुषा प्रहरीले बरामद गरेको छ ।घटना सम्बन्धि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । मृतक साह जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहका काका नातामा पर्थे ।

## पत्रकार साहमाथि दुर्व्यवहारप्रति तीन तहको विरोध, दोषीमाथि कारबाहीको माग

दैनिक समाचारदाता

जनकपुरधाम, २५ असार । महोत्तरीको जलेश्वरस्थित पूर्वाधार विकास कार्यालयमा पत्रकार दिवाकर साहमाथि भएको दुर्व्यवहारप्रति नेपाल पत्रकार महासंघको केन्द्रदेखि स्थानीय तहसम्मका इकाइहरूले कडा विरोध जनाएका छन् ।




महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहालद्वारा जारी प्रेस विज्ञप्तिमा पत्रकार साहमाथि पेशागत धर्म निर्वाह गर्ने क्रममा भएको दुर्व्यवहार प्रेस स्वतन्त्रता विरोधी कार्य भएको उल्लेख गरिएको छ । विज्ञप्तिमा यस्ता गतिविधिको महासंघले सधैं निन्दा गर्ने जनाएको छ । साथै, घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग माग गरिएको छ ।

महासंघले पत्रकार साहलाई कर्तव्य पालनाका क्रममा पत्रकार आचारसंहिताको पालना गर्न आग्रह समेत गरेको छ ।

त्यस्तै, महासंघको मधेश प्रदेश समितिका सचिव शैलेन्द्र महतो 'क्रान्ति' ले पनि प्रेस विज्ञप्ति जारी गर्दै पत्रकारमाथि गरिएको दुर्व्यवहारको तीव्र विरोध जनाएका छन् । उनले यस्ता प्रेस स्वतन्त्रता विरोधी कार्यहरू आफूहरूलाई स्वीकार्य नरहेको बताएका छन् र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

महोत्तरी शाखाले समेत घटनाको निन्दा गर्दै दोषीलाई यथाशीघ्र कानुनी कारबाहीको दायरामा ल्याउन माग गरेको छ। शाखाका सचिव रामनारायण महतोद्वारा जारी विज्ञप्तिमा साहमाथि जुनसुकै बहानामा गरिएको दुर्व्यवहार दण्डहीनताको पराकाष्ठा भएको उल्लेख छ। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गरिएको छ ।

गत असार २३ गते पत्रकार साह समाचार संकलनका लागि पूर्वाधार विकास कार्यालय पुगेका बेला उनीमाथि दुर्व्यवहार भएको थियो

## नेसपा र माओवादीबीच महाधिवेशनसँगै पार्टी एकता गर्ने सहमति

दैनिक समाचारदाता

काठमाडौँ २५ असार । नेपाल समाजवादी पार्टी (नेसपा) र नेकपा (माओवादी केन्द्र) बीच आउँदो महाधिवेशनको सन्दर्भमा पार्टी एकता गर्ने सहमति भएको छ।


महिन्द्र राय यादव नेतृत्वको नेसपाबाट सहअध्यक्ष गंगानारायण समूह माओवादीमा समाहित भएपछि यादवले असार ७ गते पार्टी पुनर्गठन गरेका थिए। त्यसलगत्तै केही दिनअघि उनले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरी पार्टी एकता सम्बन्धमा छलफल गरेका थिए।

छलफलपछि अध्यक्ष यादवले पार्टी एकताको विषयमा आफू सकारात्मक रहेको प्रष्ट पारेका छन्। उनले पार्टीको नाम, झन्डा, ब्यानर लगायतका विषय चाँडै टुंग्याउन आग्रह गरेका थिए। "हामी सिङ्गै पार्टी एकताका लागि तयार छौं," यादवले भने, "पहिला बाबुरामजीले पनि प्रचण्डजीसँग सहमति गर्नुभएको थियो, तर बीचमै छाडेर जानुभयो। पछि गंगानारायणजी पनि माओवादीमा जानुभयो। अहिले हामी महाधिवेशनसँगै एकता टुंग्याउन चाहन्छौं।"

उनका अनुसार प्रचण्डले पनि पार्टी एकताको विषयमा सकारात्मक धारणा व्यक्त गरेका छन्। उनले माओवादीको जागरण अभियान सकिएपछि केन्द्रीय समिति बैठक बसी महाधिवेशनको मिति तय गरिने जानकारी दिएका छन्।

यादवले महाधिवेशनबाट जे निर्णय भए पनि आफूहरूलाई स्वीकार्य हुने बताएका छन्। सहमतिअनुसार अब पार्टीले संगठन विस्तार त गर्ने तर राष्ट्रिय भेला वा छुट्टै महाधिवेशन नगर्ने स्पष्ट पारेका छन्।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# घाटामा होइन, जनताको आशामा आधारित बजेट चाहिन्छ

मधेश प्रदेश सरकारद्वारा सार्वजनिक आर्थिक वर्ष २०८२/०८३ को बजेटले प्रदेशसभामा मात्र होइन, आम नागरिक र सरोकारवालामा पनि गम्भीर जिज्ञासा र निराशा जन्माएको छ। प्रदेश सरकारको बजेटप्रति सांसदहरूको व्यापक आलोचना केवल पार्टीगत असहमति होइन, यो स्वयं बजेटको संरचना, उद्देश्य र प्राथमिकतामाथिको प्रश्न हो।

सांसदहरूले उठाएका सवालहरू जस्तो(बिना छलफल ल्याइएको बजेट, कृषि, पर्यटन र उद्योगजस्ता समृद्धिको मूल आधारमा न्यून विनियोजन, दलित, महिला, अपांगता भएका व्यक्ति र विपन्न समुदायको बेवास्ता(यी सबै जनउत्तरदायित्वहीन बजेट निर्माणको द्योतक हुन्। समृद्धि र समावेशी विकासको नारामात्र बोकेको बजेट व्यवहारमा सीमित वर्गको फाइदाका लागि केन्द्रित देखिन्छ।

वास्तवमा, प्रदेश सरकारले एक लाख नागरिकलाई स्वरोजगार दिने महत्वाकांक्षी घोषणा गरेको छ, तर न त त्यसको स्पष्ट योजना छ, न आधार। जब प्रदेशमा कलकारखाना छैनन्, कृषि उत्पादनमा लगानी नगरीएको छ, साना तथा घरेलु उद्योगलाई प्रोत्साहन छैन, तब रोजगारी सृजनाको दाबी केवल भ्रम पैदा गर्ने भाषण बन्न पुग्छ।

सांसदहरूले विशेष रूपमा दलित, महिला, अपांगता भएका व्यक्ति र सीमान्तकृत समुदायको हकमा बजेटले कुनै स्पष्ट कार्यक्रम नल्याएकोमा चिन्ता व्यक्त गरेका छन्। मधेश प्रदेश जस्तो बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक संरचनायुक्त प्रदेशमा यस्ता वर्गहरूको अधिकार सुनिश्चित नगरी प्रदेश विकासको सपना देख्नु निरर्थक हुन्छ। प्रदेश सरकारको प्राथमिकता भौतिक पूर्वाधारमा केन्द्रीत छ, जुन आर्थिक गतिशीलताको एक पाटो हुन सक्ला, तर सामाजिक न्याय र मानव विकासका सूचकहरूलाई बेवास्ता गरेर गरिने खर्चले विकासलाई दिगो बनाउँदैन। सांसदहरूको आकलन अनुसार कुल बजेटको ४० प्रतिशत भौतिक पूर्वाधारमा गएको छ, जुन असन्तुलित निर्णय हो।

बजेट निर्माण प्रक्रियामा सहभागीता, पारदर्शिता र समावेशी दृष्टिकोण अनिवार्य हुन्छ। स्थानीय तह र प्रदेश सरकारको भूमिका फरक छन्, तर बजेटमा स्थानीय तहले गर्ने काममा समेत हस्तक्षेप गर्ने शैलीले संघीयताको मर्ममाथि चोट पुऱ्याएको देखिन्छ।

अहिलेको आवश्यकताको अनुरूप, बजेटले शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक न्यायलाई प्राथमिकता दिनुपर्ने थियो। सांसदहरूले उठाएका सुझावहरू(सामूहिक कृषि प्रणाली, साना उद्योग प्रवर्धन, दलित र महिला लक्षित कार्यक्रम, जनसंख्याको आधारमा बजेट विनियोजन(सरकारले गम्भीरताका साथ लिने समय आएको छ। संघीयता केवल संरचना परिवर्तन होइन, जनतासँगको नाता पुनःनिर्माणको अवसर हो। बजेट यही अवसरको मुख्य दस्तावेज हो। तर, जब यो दस्तावेज जनभावनाको विरोधमा र खास वर्गका स्वार्थमा तैयार हुन्छ, तब जनतामा विक्षोभ उत्पन्न हुन्छ।

यसैले, बजेटलाई 'संशोधन' मात्र होइन, 'पुनर्लेखन' गर्ने सुझाव तार्किक र आवश्यक देखिन्छ। यो बजेट प्रदेश सरकारको आफ्नो हैसियत र नीयतको प्रतिबिम्ब हो, जसलाई समयमै सच्याएर, जनमुखी, समावेशी र यथार्थपरक बनाउन सकिएन भने मधेश प्रदेशले राजनीतिक अस्थिरता मात्र होइन, विकासको अवसर पनि गुमाउनेछ।

# तलब हजारमा, क्षतिपूर्ति करोडौंमा ?



डा.राघव सिंह मेहता

स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा पटक पटक आन्दोलन हुने र त्यसका एक प्रमुख हिस्सा चिकित्सकहरू नै पटक-पटक आन्दोलनमा उत्रनु पर्ने अवस्था आउनु कुनै पनि सभ्य र विधिको शासन भएको मुलुकका निम्ति राम्रो र सहज कुरा होइन।

तर यो अवस्था पटक पटक आउनुको प्रमुख कारण हाम्रो देशमा व्याप्त कुशासन, विधि हीनता र अराजकता हो, चिकित्सकहरू होइनन्।

१. आफ्नो कार्यस्थलमा काम गर्दै गर्दा सुरक्षा भएन, ज्यान नै जोखिममा पर्ने गरी आक्रमण भयो, सुरक्षा देऊ भनेर पनि देशव्यापी आन्दोलन गर्न बाध्य पार्छ यो सरकार।

२. चिकित्सा शिक्षामा अराजकता भयो, ब्रम्हलूट हुन थाल्यो, त्यसले गुणस्तरमा नै प्रश्न उठाउन थालियो, नियमन गर भन्न पनि देशव्यापी आन्दोलन गर्न बाध्य पार्छ यही सरकार।

३. अब हुँदा-हुँदा दिने अपेक्षा राखिएका 'न्यायालय/अदालत'हरूले पनि सेवा, सुविधा, पूर्वाधार, बिरामी, वातावरण सबै तमाम अविकसित देशको, अनि चिकित्सकले दिनुपर्ने सेवाको गुणस्तर चाहिँ सबैभन्दा विकसित देशको? वैज्ञानिक भयो त? एउटा चिकित्सकले चार घण्टामा १००-१५० जना विरामी (सरकारी स्वास्थ संस्था हरुमा) हेर्नुपर्ने बाध्यता छ। अनि अर्कातिर अदालत र 'अधिकार'को खेती गर्ने 'अधिकारकर्मी'हरूले बेलायत अमेरिकाको जस्तो वातावरणमा शृंखलाबद्ध रुपमा अस्पताल तथा चिकित्सक को सामाजिक जीवन समेत असर गर्ने गरि द्वन्द्व फैलाउन पाउँछन्?

र यसले खडा गरेको त्रासमा उपचार दिन सकिन्न भनेर मात्र यो आन्दोलन भएको हो।

४. त्यसो भए के डाक्टरले जे लापरवाही गरेपनि छुट पाउनु पर्छ भनेर न्याय भन्दा माथि राख्न खोजेको?

***बिल्कुलै होइन। खोजेको के हो भने -***

- लापरवाही/गल्ती/हेलचेक्र्याइँ जस्ता कुरा निरपेक्ष होइनन्, सापेक्ष कुरा हुन्, त्यसैले कानून बनाउँदा र न्याय सम्पादन गर्दा धरातलीय यथार्थ हेरेर कानून बन्ने र न्याय निरूपण हुनुपर्यो।
- चिकित्सा सेवा अत्यन्त जटिल/संवेदनशील सेवा भएकाले यसलाई (सेवालाई नजर अन्दाज गर्न खोजेको होइन है) सामान्यीकरण गर्ने र त्यही ढंगले मुद्दा किनारा लगाउने गर्न मिल्दैन, सेवाको संवेदनशीलता अनुसार विज्ञ परामर्श/सुझावका आधारमा मात्र फैसला हुने व्यवस्था हुनुपर्यो भन्ने माग हो

नेपाल सरकारले मेडिकल अधिकृतलाई दिने तलब ४८ हजार चानचुन र विशेषज्ञ डाक्टरहरुको तलब ५३ हजार चानचुन छ। अनि क्षतिपूर्ति तिर्नुपर्दा करोडौंमा तिर्नुपर्ने अवस्था आयो।

म एक चिकित्सक, म भगवान कदापि होइन / म करिब २-३ दसक लामो पढाइ , अनुभव , त्याग र तपस्या गरेर आर्जन गरेको सीपले बिरामी हरुको उपचार गर्दै आएको छु।

म आजीवन काम गरेर पनि एक करोड बचत गर्ने हैसियत मा छैन / मेडिकल साइन्सेज मा सधैं २+२= ४ हुँदैन। मेडिसिन चलाइदा लाखमा एक जनालाई एलर्जी/ एनाफाइलेक्सिस भई मृत्यु सम्म हुन सक्ने जोखिम हुन्छ। जतिसुकै राम्रो अपरेसन गर्दा पनि इन्फेक्सन लगायत अरु जोखिम हुने सम्भावना हुन्छ। यस्ता कैयौं जोखिमलाई मेडिकल साइन्समा कम्पिलिकेसन भनिन्छ , जुन प्रमाणित कुरा हुन्, यस्ता कुरालाई नि लापरबाही भन्दिने हाम्रो संस्कार बन्ने हो भने हामी कुन नैतिकता र सोच लिएर उपचार र अपरेसन गर्ने हो ? भोलि यस्ता कम्पलिकेशन आयो भने हामी कता गएर करोडौ खोज्ने हो ?? त्यो करोडौं खोज्ने क्रममा बिरामी को थप उपचार प्रभावित हुन्छ कि हुँदैन ? अनि कम्पलिकेसन आइसकेको बिरामी अर्को चिकित्सकले कुन आधारमा उपचार गर्न तयार हुन्छ ? आखिर यो सबै हुँदै गर्दा सबै भन्दा बढी पीडित को हुन्छ?

अझ सरकारी अस्पतालमा बिरामी को चाप धान्न सक्ने अवस्था नै छैन। एक दिनमा करिब एकजना चिकित्सक ले १००-१५० बिरामी हेर्न पर्ने बाध्यता छ। करिब ३-४ दसक अगाडि को दरवन्दीमा दिनरात नभनी सेवामा आहोरात खटिँदै गर्दा खेरी हुने मानवीय त्रुटी को जिम्मेवारी कसले लिने? बेवारिसे , गरीब हरु ल्याएर सरकारी अस्पताल मा छोडेको प्रसस्तै देखिन्छ , राज्य ले त्यस्ता बिरामीहरूको लागि छुट्टयाइएको कोष ले ४ -५ महिना पनि उपचार गर्न पुग्दैन , अनि चिकित्सक र स्वास्थ्यकर्मीले जसो त्यसो जोहो गरिरहेको अवस्था छ अहिले , त्यति गर्दै गर्दा नि कम्प्लिकेशन आइहाल्यो भने अर्को एक करोड ? हैट!

स्वास्थ्य लाई आधारभूत अधिकार भन्दै विद्वान हरुले जरिवानामा बढी जोड दिई राखे को बेला , त्यस्ता बिरामी हरुको सहज उपचार को लागि कसले र कहिले पहल गरिदिने होला?

***हालको अवस्था के छ त?***

चिकित्सकहरु माथिका हिंसा र दुर्व्यहार उनीहरुलाई भयरहित ढंगले काम गर्न सकिरहेको छैन। चिकित्सक हरुले काम गर्ने प्रोटोकल हुन्छ। त्यो प्रोटोकल अनुसार काम गरेन भने उसलाई कार्वाही गर्ने मेडिकल काउन्सिल छ। तर अहिले जवर्जस्ती मुद्दा लगाउने, उपभोक्ता अदालतमा तान्ने र जरीवाना गर्ने जस्ता ब्यावाहारले डाक्टरहरुलाई आतंकित भएका छन। यो कुरा गलत हो। डाक्टरलाई सुरक्षित भएर काम गर्न पाउनु पर्छ।

१. ब्यवासयीहरुले काम गर्दा तोकिएको प्रोटोकल अनुसार काम गर्ने हो। त्यसो गर्दा डाक्टरले नेग्लिजेन्स गर्यो भने मेडिकल आउन्सिलले हेर्ने हो। यदि सेवाग्राही संङ्ग लिनुनहुने पैसा लियो वा दख दियो वा कानुन बिपरित काम गर्यो भने मुद्दा लाग्ने हो। त्यसवेला त उ डाक्टर नै होइनन नि कानुन उल्लङ्घन गर्ने ब्यक्ति हो।

२. के अब वकिलले मुद्दा हार्दा पनि मुद्दा लग्ने हो? आफ्ना आफ्ना काउन्सिल छन्। होइन भने नेपाल मेडिकल परिषद को कामकाज हक अधिकार केही छैन भने खारिज गरिदिए हुदैन त?? तिन्ले कार्वाही नगरि सबै ब्यवसायिकलाई उनीहरुको कामको संबन्धमा सामान्य कानुनी कारबाहीमा तान्ने हो भने को बस्छ यो देशमा?

हाल डाक्टरहरु प्रतिको सामाजिक र राज्यको गलत दृश्टिकोणले उनिहरुलाइ चिन्तित बनाएको पाइएको छ। यो राम्रो होइन। त्यसै भए हालसालै सम्पन्न एसईईको परीक्षामा बिफल भएका र ननग्रेड आएका सम्पूर्ण विधार्थीका अभिभावकले स्कुल बिरुद्ध उपभोक्ता अदालत मा मुद्दा हाल्ने त?

**के गर्ने त ?**

**पहिलो,** उपभोक्त ऐन संशोधन गर्नुपर्छ।

**दोस्रो,** उपभोक्ता अदालतमा चिकित्सा संस्थाबाट अवकाश प्राप्त चिकित्सकलाई आयुक्त नियुक्त गर्नुपर्छ।

**तेस्रो,** नेपाल सरकार आङ्गिक संस्थाहरुलाई नेपाल मेडिकल परिषद ,नेपाल स्वास्थ्यकर्मी संघ , नेपाल नर्सिङ संघ हरुको कार्य अधिकार क्षेत्र निर्धारण गर्नुपर्छ।

**चौथो,** विश्व स्वास्थ संगठनले तय गरेको बिरामी-चिकित्सक अनुपात अनुसार सरकारले दरबन्दी सृजना गर्नुपर्छ।

**पाँचौ,** इन्टरनेशनल लेबर अर्गनाइजेसनको मापदण्डअनुसार कति घन्टा हो, दिनको र महिनाको कति घन्टा हो काम गर्ने, त्यति मात्रै गर्ने वातावरण बनाउनुफर्छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |
| **प्रहरी कार्यालय** | |
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |
| **अस्पतालहरू** | |
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |
| **महत्वपूर्ण कार्यालयहरू** | |
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कपिलेश्वरनाथमा श्रद्धा र साउनको संगम



दैनिक समाचारदाता

जनकपुरधाम, २५ असार । धार्मिक आस्था, ऐतिहासिक पहिचान र सांस्कृतिक गौरवको केन्द्र बनेको कपिलेश्वरनाथ मन्दिरमा यस वर्षको साउने मेला भव्य रुपमा आयोजना हुँदैछ । त्रेतायुगीन परम्परालाई बोकेको यो पवित्र स्थलमा साउन महिनाको प्रत्येक सोमबार लाखौं श्रद्धालुहरूको आवागमन हुन्छ, जसले यहाँको आध्यात्मिक ऊर्जा र शिव(भक्तिको अनुपम दृश्य प्रस्तुत गर्छ । यस वर्षको मेला असार ३० गते सोमबारदेखि सुरु हुँदैछ । कपिलेश्वरनाथ युवा कमिटीले बुधवार पत्रकार सम्मेलनमार्फत




जानकारी दिँदै यसपालिको मेला विगतका वर्षभन्दा भिन्न, भव्य र व्यवस्थित हुने दाबी गरेको छ ।

कमिटी अध्यक्ष मनोज साहका अनुसार, "कपिलेश्वरनाथ बाबा यहाँ दर्शन दिने साक्षात् भोलेनाथ हुन् । श्रद्धा र निष्ठापूर्वक मन्नत माग्ने भक्तजनहरूको मनोकामना यहाँ पूरा हुन्छ भन्ने दृढ विश्वासका कारण दिनप्रतिदिन यहाँको महिमा फैलिँदै गएको छ।"

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १६ कपिलेश्वरमा कपिलेश्वनाथ मन्दिर पर्दछ । जानकी मन्दिरदेखि करीब १ किलोमिटरको दुरीमा यो मन्दिर रहेको छ । जानकी मन्दिर दर्शन गर्न आउने श्रद्धालुहरु एक पटक कपिलेश्वरनाथ मन्दिर दर्शन गर्न आवश्यक आउने गरेको कपिलेश्वरनाथ मन्दिरका पूर्व अध्यक्ष सुधिर पजियार बताउँछन् ।

*कपिलेश्वरनाथ मन्दिरको आध्यात्मिक महिमा*

कपिलेश्वरनाथ मन्दिरलाई मिथिला क्षेत्रको काशी मानिन्छ । धार्मिक ग्रन्थ र पुराणीय परम्पराअनुसार ८जनकवंशी राजा शिरध्वज (राजा जनक) ले जनकपुर क्षेत्रको चारै दिशामा चार शिव मन्दिरको स्थापना गरेका थिए(पूर्वमा कपिलेश्वरनाथ, पश्चिममा अर्जुनेश्वरनाथ, उत्तरमा कुन्डलेश्वरनाथ र दक्षिणमा गिरीजेश्वरनाथ ।

यी मन्दिरहरू मध्ये कपिलेश्वरनाथ सबैभन्दा प्रमुख र शक्तिशाली मानिन्छ, जसको सन्दर्भ कपिल मुनिको तपोभूमिसँग समेत जोडिन्छ । मान्यता अनुसार, यही स्थानमा कपिल मुनिले दीर्घकालीन तपस्या गरेका थिए, र यहीँ महादेव प्रकट भई शिवलिङ्गको रूपमा स्थापित भएका थिए ।

मन्दिर परिसरमा भगवान शिवसँगै राम(जानकी, शिव(पार्वती, हनुमानजी, गणेश, र संतोषी माँको भव्य प्रतिमा स्थापना गरिएको छ । पाँच कठा क्षेत्रफलमा फैलिएको मन्दिर क्षेत्र पवित्रता र शान्तिको प्रतीक हो । यहाँको हावा, धूलो र माटो समेत भक्तजनका लागि पावन मानिन्छ ।

*मेलाको तयारीः सेवा र श्रद्धाको समर्पण*

मेलामा आउने श्रद्धालुहरूको सुविधाका लागि विशेष व्यवस्थाहरू मिलाइएको छ । बास, भोजन, स्वास्थ्य सेवा, शुद्ध पेयजल, ट्राफिक व्यवस्था लगायत सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको अध्यक्ष साहले जानकारी दिए ।


जनकपुरधाम, धनुषा, महोत्तरी, सिरहा, सर्लाही, भारतको सीमावर्ती जिल्लाहरू(सीतामढ़ी, दरभंगा, मधुबनी लगायतबाट हजारौं श्रद्धालुहरूको आगमन हुने अनुमान गरिएको छ । काँवर यात्रा गर्ने भक्तहरूको लागि विश्राम स्थल र जल अर्पणको पनि व्यवस्था गरिएको छ ।

साउन महिनाभर मन्दिर परिसरमा धार्मिक पूजाआजा, विशेष आरती, भजन कीर्तन, साँस्कृतिक कार्यक्रम जस्ता कार्यक्रमहरूको आयोजना हुनेछ, जसले सिंगो मिथिला क्षेत्रलाई शिवमय बनाउनेछ ।

*मन्दिर पुनर्निर्माणको कथाः भक्तिको अमिट इतिहास*

बि.सं. १९९० को विनाशकारी भूकम्पमा कपिलेश्वरनाथ मन्दिर ढलेपछि यहाँ आएका काँवरिया विष्णुगिरीले मन्दिर पुनर्निर्माणको संकल्प लिएका थिए । यद्यपि उनी फर्केर आएनन्, तर उनको प्रेरणाले स्थानीय यज्ञप्रसादले पुरातत्व विभागसँग समन्वय गरी बि.सं. २०३९ मा नयाँ मन्दिरको निर्माण गराएका थिए ।

पुनःस्थापित शिवलिङ्ग र भक्तजनहरूको सतत् सेवा र विश्वासले यो मन्दिर आज सिंगो मिथिलाको गौरव बनेको छ ।



*शिवत्वको अनुभूति गर्न कपिलेश्वर आइपुग्नुहोस्*

कमिटीले सबै शिवभक्त, पर्यटक र धार्मिक जिज्ञासुहरूलाई साउन महिनाको अवसरमा मन्दिरमा दर्शन गर्न आमन्त्रण गरेको छ । अध्यक्ष साह भन्छन्, "कपिलेश्वरनाथ बाबा मिथिलाको आत्मा हुन् । यहाँको माटोमा शान्ति, जलमा कृपा र वायुमण्डलमा शिवत्व घुलिएको छ । आउनुहोस्, यस साउन कपिलेश्वरको दर्शन गरी आत्मा शुद्ध बनाऔं ।" पत्रकार सम्मेलनमा जनकपुरधाम उपमहानगरपालिकाका वडा अध्यक्ष रामचन्द्र पजियार कमिटीका प्रेस सल्लाहकार तथा वरिष्ठ पत्रकार श्रीनारायण साह सहितका व्यक्तिहरुले पत्रकार धार्मिक एवं ऐतिहासिक महत्वको बारेमा ब्याख्या गरेका छन् ।

# मायाको खोजीमा कुकुर जस्तै बन्थ्यो बालक

एजेन्सी । थाइल्याण्डको उत्तरादित प्रान्तका एकजना ८ वर्षे बालकको अवस्थाले सबैलाई मर्माहत बनाएको छ। वर्षौंदेखि लागूपदार्थ दुर्व्यसनमा लिप्त भएकी आफ्नो आमाबाट बेवास्तामा परेर असहाय बनेका ती बालक कुकुरहरुसँगै बस्न थालेका थिए ।

लामो समयसम्म कुकुरहरुको संगतले उनको आनीबानी र बोली व्यवहार समेत ठ्याक्कै कुकुरको जस्तो भयो । उनी मानिस हुन् तर मानिसले जस्तै बोल्नुको साटो कुकुरले जस्तै भुक्न थाले ।

फाउन्डेशन फर चिल्ड्रेन एन्ड लाप लाए जिल्लाको स्थानीय प्रहरीसँग समन्वय गरी अनुसन्धान अघि बढाइन्। छानबिनका क्रममा प्रधानाध्यापकले दिएका सबै सूचना सही भएको पुष्टि भयो। प्रहरीले ती बालककी ४६ वर्षीया आमा र २३ वर्षे दाजुको परीक्षण गर्दा दुवैजनाको शरीरमा लागुपदार्थ सेवनको लक्षण भेटियो। ती दुवै जनाले बालकको हेरचाह नगरी धेरैभन्दा धेरै लागुपदार्थ सेवन गर्नमा केन्द्रित थिए ।

ती महिलाले प्रायः पैसा र खानेकुरा मागेर जीवन गुजारा गरिरहेकी थिइन् । उनले



वुमेनकी पाविना होङसाकुललाई उक्त पीडादायक घटनाको बारेमा लाप लाए जिल्लास्थित एक विद्यालयका प्रधानाध्यापकले जानकारी गराएका थिए । ती बालकलाई उनकी आमाले एकपटक मात्र विद्यालय ल्याएकी थिइन् र त्यो पनि सरकारी सहायता पाउनका लागि मात्र । तर, उनले छोरालाई कहिल्यै पनि विद्यालयमा भर्ना गरिनन् । साथै उनलाई घरमा पनि कुनै हेरविचार र स्याहारसुसार गरिनन् । आफ्नी आमा र दाजुले भावनात्मक रूपमा त्यागेपछि ती बालकले माया र साथको खोजीमा भुस्याहा कुकुरहरूको भुन्डसँग नजिकिए । उनी कुकुरसँगै खेल्न थाले, बस्न थाले र अन्ततः कुकुरको व्यवहार नक्कल गर्न थाले। यतिसम्म कि उनी बोल्नुको साटो भुक्न थाले । पाविना होङसाकुलले तत्कालै लागुपदार्थ सेवन गर्ने कुरा सबैलाई थाहा भएकाले गाउँलेहरू उनको परिवारबाट टाढा रहन्थे । त्यसैले उक्त बालकसँग गाउँका अन्य बालबालिका खेल्दैनथे । घरभित्र पनि आमा र दाजुले उपेक्षा गरेपछि ती बालकले कुकुरहरूको साथमा आफूलाई सुरक्षित महसुस गर्न थाले अनि कुकुरकै चाल र बोली नक्कल गर्न थाले । थाई पत्रिका खाओसोदका अनुसार ती बालकको उद्धार गरी हाल उनलाई उत्तरादित बाल गृहमा राखिएको छ । बोल्नै नजानेका ती बालकलाई विशेषज्ञहरूले उनलाई मानवीय भाषा बोल्न सिकाउने प्रयास गरिरहेका छन्। सरकारले ती बालकको औपचारिक शिक्षा सुनिश्चित गर्नेछ। गोपनीयताका कारण बालकको नाम चाहिँ सार्वजनिक गरिएको छैन ।

# विद्यालयबाटै हराए तीन विद्यार्थी

नेपालगन्ज, २५ असार । बाँकेको कोहलपुर नगरपालिका -३ स्थित कोहलपुर बागेश्वरी इङ्लिस मिडियम स्कूलमा अध्ययनरत तीन जना विद्यार्थी विद्यालयबाटै हराएका छन् ।

इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख, प्रहरी नायव उपरीक्षक लक्ष्मी खनालले कक्षा ८ मा अध्ययनरत १५ वर्षीय निरज थापा, १३ वर्षीय पवननाथ योगी र १२ वर्षीय रोबिन्द्र खड्का असार २२ गते अपरान्हदेखि विद्यालयबाट सम्पर्कबिहीन भएको खबर आएको बताउनुभयो ।

उहाँले प्रहरीलाई जानकारी हुने बित्तिकै बालकको खोजी कार्य सुरु गरिएको जनाउँदै आफन्त र विद्यालयका अन्य बालकबाट प्राप्त केही सूचनाबाट उनीहरु भारत गएको आशंका गरिएको बताउनुभयो ।

'तीन जनामध्ये एक जनाले प्रयोग गर्ने मोबाइलमा भारतीय सिमकार्ड प्रयोग भएको देखिन्छ । अरु दुई जनाको फेसबुक पनि सक्रिय अवस्थामा पाइयो' प्रहरी नायब उपरीक्षक खनालले भन्नुभयो ।

उहाँले भारतमा पनि आफन्तहरुको माध्यमबाट खोजी गर्ने काम भइरहेको बताउनुभयो । बालकहरु हराएको तीन दिन बितिसक्दा पनि अवस्था अज्ञात रहेको गुनासो आफन्तबाट आएको छ । बागेश्वरी इङ्लिस मिडियम स्कूलका प्रधानाध्यापक विष्णु केसीका अनुसार विद्यार्थीहरू असार २२ गते दिउँसोसम्म स्कूलमै रहेकोमा करिब ४:३० बजेतिर बाहिर निस्केको बताउनुभयो ।

विद्यार्थी बेपत्ता भएलगत्तै इलाका प्रहरी कार्यालय, कोहलपुरलाई जानकारी गराएर खोजी कार्य सुरु गरिएको र नेपाल प्रहरीको अनुसन्धान ब्यूरोलाई पत्राचार गरिएको बताउनुभयो ।

विद्यार्थीहरूले पहिल्यैदेखि भाग्ने योजना बनाएको कुरा उनीहरूका साथीहरूबाट थाहा भएको प्रधानाध्यापक केसीको दावी छ । बालकहरूको अवस्था पत्ता लगाउन भारतस्थित विभिन्न निकायसँग आवश्यक समन्वय भइरहेको ईलका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ ।

